नेपाल सरकार,

सूचना तथा सञ्चार मन्त्रालय

हुलाक सेवा विभाग

र

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

मुद्रण विभाग

बीच नेपाल राजपत्र लगायतका हुलाक बस्तु ढुवानी तथा वितरण गर्ने सम्बन्धी

सम्झौता पत्र

हुलाक सेवा विभाग (यसपछि प्रथम पक्ष भनिएको) र मुद्रण विभाग (यसपछि दोस्रो पक्ष भनिएको) का बीच दोस्रो पक्षबाट उपलब्ध गराइएको हुलाक वस्तुहरु (नेपाल राजपत्र, विभागका चिठ्ठीपत्रहरु, पुलिन्दा -Parcel लगायत अन्य) तोकिएको ठेगानासम्म ढुवानी तथा वितरण गर्न देहायका शर्तहरुको पालना गर्ने गरी दुबै पक्षको सहमतिमा सम्झौता गरियो।

सम्झौताका शर्तहरू

१. यो सम्झौता बमोजिमको हुलाक वस्तु ढुवानी तथा वितरणको समन्वय, सञ्चालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तर्गतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार मार्फत हुनेछ ।

२. प्रथम पक्षले दोस्रो पक्षको ठेगाना भएको स्थानमा दुवै पक्षको सहमतिमा तय गरिएको दिन/समयमा उपस्थित भइ राजपत्र, चिठ्ठीपत्र लगायतका हुलाक वस्तुहरु तोकिएको ठेगानासम्म ओसारपसार एवं वितरण गर्नेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई सेवा दिए वापत विद्यमान हुलाक सेवाको महशुल दर/रेट बमोजिम सेवा शुल्क लिनेछ ।

४. प्रथम पक्षले नियमानुसारको हुलाक महसुलको विल मासिक रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउनुपर्नेछ र प्रथम पक्षले उपलब्ध गराएको राजश्व खातामा मासिक रुपमा भुक्तानी गर्नुपर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय हुलाक सेवा विभाग महानिर्देशक बबरमहल, काठमाडौं

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय मुद्रण विभाग सिंहदरबार,

५. दोस्रो पक्षले हुलाक वस्तु बुझाई सके पश्चात् सुरक्षा र संरक्षण गर्ने दायित्व प्रथम पक्षको हुनेछ।

६. प्रथम पक्ष र दोस्रो पक्ष दुवैले हुलाक सम्पर्क विन्दुको व्यवस्था गरी, कर्मचारी/व्यक्ति (Focal Person) तोकी सेवा लिने दिने कार्यमा सहजीकरण गर्नुपर्नेछ।

७. प्रथम पक्षले हुलाक वस्तुहरुको विवरण आफ्नो सफ्टवेयर प्रणाली PITS मा इन्ट्री गरी दोस्रो पक्षले पनि Track and Trace गर्न सक्ने गरी व्यवस्थित गर्नुपर्ने छ ।

८. पठाउनुपर्ने गन्तव्यका हुलाकवस्तुलाई प्रापक ठेगानागत रुपमा अलग अलग र सुरक्षित रुपमा प्याकिङ्ग गर्ने दायित्व दोस्रो पक्षको हुनेछ । उपयुक्त प्याकिङ्ग नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई प्याकिङ्ग गर्न लगाइ हुलाक वस्तु बुझी लिनु पर्नेछ ।

९. दुवै पक्षले हुलाक वस्तु ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखापरीक्षणका सिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा सोको व्यहोरा एक अर्कालाई जानकारी गराई आपसी सहमतिमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१०. सेवा प्रवाहमा कुनै समस्या भएमा दुवै पक्षको आपसी सहमतिमा यस सम्झौताका सर्तहरू संशोधन, परिमार्जन तथा अद्यावधिक गरी कार्य प्रक्रियालाई सुधार गर्न सकिनेछ।

११. प्रथम पक्षले रजिष्ट्री, पुलिन्दा(Parcel), इ.एम.एस.(Express Mail Service, EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तु सम्बन्धित गन्तव्यमा यथासम्भव छिटो पुऱ्याउनु पर्नेछ। काबु बाहिरको परिस्थितिमा हुलाक वस्तु तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएको अवस्थामा तत्कालै दोस्रो पक्षलाई जानकारी गराउनु पर्नेछ।

१२. दुवै पक्षबाट प्रचलित कानून बमोजिम भंग नभएसम्म यो सम्झौता कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तिमा ३० (तीस) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनुपर्नेछ। प्रचलित कानून बमोजिम यो सम्झौता भंग गर्नुपर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लेखित सर्तहरू बमोजिम आ-आफ्नो पक्षको दायित्व सम्भव भएसम्म सोही आ.व. भित्रमा फरफारक गर्नुपर्नेछ।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय हुलाक सेवा विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

१३.यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागु हुनेछ ।

१४.यस सम्झौतामा उल्लेख गरिएका विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन्।

प्रथम पक्ष	***दोस्रो पक्ष***
.....	.....
मनमायाँ भट्टराई पंगेनी	**छविन्द्र पराजुली**
महानिर्देशक	महानिर्देशक
हुलाक सेवा विभाग	मुद्रण विभाग
बबरमहल, काठमाडौं	सिंहदरबार, काठमाडौं
२०८३/०८/०९	२०८३/०८/०९

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय हुलाक सेवा विभाग काठमाडौं

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय मुद्रण विभाग सिंहदरबार, काठमाडौं

साक्षी

.....

ढाल बहादुर जि.सी.

प्रमुख हुलाक अधिकृत

गोश्वारा हुलाक कार्यालय

डिल्लीबजार, काठमाडौं

साक्षी

.....२०८३/०८/०९

सम्झना लामिछाने

निर्देशक

मुद्रण विभाग

सिंहदरबार, काठमाडौं